सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम प्रकाशित विवरण

# आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.१ को दोश्रो त्रैमासिक प्रगती

## आ.ब.२०७६/७७ (कार्तिक, मंसिर र पौष)

**१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वरूप र प्रकृतिः**

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १, विराटनगर, प्रदेश सरकारको नीति निर्माण एवं कार्यान्वयन गर्ने निकाय हो। प्रदेश सरकारको काम कारवाहीलाई सुव्यवस्थित र प्रभावकारी वनाउन शान्ति सुरक्षा साथै ऐन-कानूनको मस्यौदा तयार गर्ने, विभिन्न मन्त्रालयबाट राय माग भई आएका विषयमा सहमति प्रदान गर्ने लगायतका काम यस मन्त्रालयबाट सम्पादन हुँदै आएको छ । यसका अतिरिक्त प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले प्रदान गरेको अन्य जिम्मेवारी समेत सम्पादन गर्दै आएको छ ।

**२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र अधिकारः**

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ का अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेवारी यस प्रकार रहेको छ ।

१. प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सहकार्य,
२. अति विशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशिल सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
३. संघीय र प्रदेश सुरक्षा निकाय सँगको सम्पर्क, सम्वन्ध, सूचना आदान प्रदान र समन्वय,
४. संघीय कानून वमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन,
५. प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय,
६. ऐन, अध्यादेश, नियम र आदेशको तर्जुमा,
७. कानूनी राय तथा परामर्श,
८. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन,
९. कानूनको एकीकरण तथा संहिताकरण
१०. निःशुल्क कानुनी सहायता,
११. प्रदेश सभा मामिलासम्वन्धी,
१२. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,
१३. आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग,
१४. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरणसम्बन्धी,
१५. सामुदायिक प्रहरी,
१६. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
१७. प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन,
१८. प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय,
१९. गुनासो र विवाद व्यवस्थापन,

२०. संघीय मापदण्डबमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,

२१. फौजदारी कार्यविधि कानूनको कार्यान्वयन,

२२. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,

२३. निवारक नजरबन्द र स्थान हद सम्बन्धी,

२४. अन्तरप्रदेश सम्बन्ध,

२५. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान,

२६. स्थानीय प्रशासनको सन्चालन, व्यवस्थापन र समन्वय,

२७. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२८. विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्सांकन र बस्ती स्थानान्तरणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२९. उपाधि, सम्मान तथा विभूषणको सिफारिस,

३०. प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,

३१. प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापनासम्वन्धी,

३२. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्तिसम्वन्धी,

३३. प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालनसम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,

३४. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

३५. प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन,

३६. प्रदेशभित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन,

३७. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन,

३८. साइवर सुरक्षा अनुगमन,

३९. छापासंचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन,

४०. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

४१. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

४२. प्रदेशस्तरीय प्रेस रजिष्ट्रारसम्बन्धी,

४३. केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

४४. सूचनाको हकसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

४५. चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शन अनुमति र नियमन।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयमा विभिन्न श्रेणी र तहका कुल जम्मा ३८ दरवन्दी रहेको छ।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदान गर्ने सेवाहरु वुँदा नं. २ मा उल्लेख भए वमोजिम हुनेछ ।

५. यस मन्त्रालयबाट प्रदान गरिने सेवा सम्वन्धी शाखा र जिम्मेवार अधिकारी निम्न अनुसार रहनु भएको छ ।

<u>महाशाखा तथा शाखागत जिम्मेवार अधिकारी</u>

१. प्रशासन तथा योजना महाशाखा : श्री कमल बहादुर थापा (उपसचिव)
२. सुरक्षा समन्वय महाशाखा : श्री कमल बहादुर थापा (उपसचिव)
३. कानून तर्जुमा महाशाखा : श्री ऋषि पौडेल (उपसचिव, कानून)
४. आन्तरिक प्रशासन तथा योजना शाखा : श्री मनोज कार्की (अधिकृतस्तर सातौं तह)
५. आर्थिक प्रशासन शाखा : श्री भोला नेपाल (लेखा अधिकृत)
६. विपद् व्यवस्थापन शाखा : श्री केवल प्रसाद रेग्मी (अधिकृतस्तर आठौं तह)
७. शान्ति सुरक्षा शाखा : श्री राजन प्रसाद रेग्मी (अधिकृतस्तर आठौं तह)
८. कारागार व्यवस्थापन तथा प्रहरी शाखा : श्री विजय राई (अधिकृतस्तर सातौं तह)
९. कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा : श्री सुनिल रेग्मी/ श्री प्रशंसा अधिकारी (कानून अधिकृत)
१०. कानून सम्पादन तथा प्रकाशन शाखा : श्री सुनिल रेग्मी/ श्री प्रशंसा अधिकारी (कानून अधिकृत)
११. सूचना समन्वय तथा प्रसारण शाखा : श्री विजय कुमार मगर (अधिकृतस्तर सातौं तह)

**६. आ.व. ०७६/०७७ को कार्तिक, मंसिर र पौष महिनामा यस मन्त्रालयबाट सम्पादित कार्यक्रमहरुः**

**क) <u>प्रहरी प्रशासन तथा कारागार व्यवस्थापन शाखाबाट सम्पादित कार्यक्रम</u>**

१. २०७६/०९/०८ गते मुख्य प्रशिक्षकहरुको (म अघि बढ्छु कार्यक्रम) बैठक मन्त्रालयमा सम्पन्न ।
२. विभिन्न मितिमा शिक्षक नायक अभिमुखिकरण कार्यक्रम जिल्लागत रुपमा १४ जिल्लामा १६९८ जनालाइ दिइसकिएको र २६३ जना बाँकी ।
३. STC T-Shirt, STC ब्याच छपाइको प्रक्रिया अघि बढेको ।
४. २०७६/०९/१२ गते विराटनगर महानगरपालीका भित्रका विभिन्न विद्यालयमा गठित सगरमाथा टिन्स क्लवका अध्यक्ष तथा उपाध्यक्षहरु सहभागी भई छलफल तथा अन्तर्क्रिया सम्पन्न गरि विद्यालय परिसर आसपासका क्षेत्रहरुमा मादक पदार्थ तथा सुर्तिजन्य पदार्थको बेचविखनमा कडाइ गर्ने निर्णय गरिएको ।

**ख) <u>शान्ति सुरक्षा शाखाः</u>**

१. सुरक्षित यात्राकोलागि सडक सुशासन सम्वन्धी अन्तर्क्रिया कार्यक्रम मिति २०७६।०९।०८ मा सम्पन्न ।
२. सुरक्षित यात्राकोलागि सडक सुशासन सम्वन्धी सुझाव कार्यदल गठन भै प्रतिवेदन प्राप्त भएको ।

**ग) <u>कानून तर्जुमा तथा फैसला कर्यान्वयन शाखाः</u>**

१. २०७६ साल पुष ११ देखि १३ सम्म **"कानून र सुरक्षा सम्वन्धी अन्तरप्रदेश अनुभव आदान प्रदान कार्यक्रम"** विराटनगरमा आयोजना गरिएको ।
२. निम्न ऐन, कानून तथा नियमावलीहरुको सम्वन्धमा यस मन्त्रालयबाट सहमती प्रदान गरिएको

| क्र.सं. | विधेयक, नियमावली, कार्यविधि,मापदण्ड, निर्देशिकाहरुको नाम | निर्णय मिति |
|---|---|---|
| १ | योजना तथा कार्यक्रम सञ्चालन कर्यविधी, २०७६ | ०७६।७।३ |
| २ | सामाजिक विकास मन्त्रालय योजना तथा कार्यक्रम(सञ्चालन) कार्यविधी, २०७५ को संशोधन | ०७६।७।३ |
| ३ | प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगरको कार्यक्षेत्र संशोधन तथा लेखा ईकाई कार्यालय स्थापना | ०७६।७।३ |
| ४ | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्वन्धी ऐन, २०७५ को अनुसूची १ मा | ०७६।७।३ |

| | | |
|---|---|---|
| | संशोधन | |
| ५ | अनुदान तथा सहयोग सम्वन्धी कार्यविधि, २०७६ | ०७६।८।११ |
| ६ | कृषि व्यवसाय प्रवर्धन अनुदान कार्यविधि, २०७६ | ०७६।८।२३ |
| ७ | प्रदेश निजी तथा साझेदारी फर्म दर्ता सम्वन्धी विधेयक, २०७६ | ०७६।९।०९ |
| ८ | स्वास्थ्य शीविर (सञ्चालन) कार्यविधि, २०७६ | ०७६।९।१३ |
| ९ | जनस्वास्थ्य सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७६ | ०७६।९।१७ |
| १० | बालबालिकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७६ | ०७६।९।१७ |

## घ) प्रशासन तथा योजना शाखा

### खरीद/निर्माण सम्बन्धी कार्य

१. मन्त्रालय परिसरमा प्रहरी व्यारेक निर्माण, मन्त्रालयमा सेड, प्रतिक्षालय, सुरक्षा पोष्ट, गेट तथा PEOC भवन निर्माणका लागि E-Bidding मार्फत खरीद प्रकृया अघि बढाईएकोमा निर्माण कार्य अन्तिम चरणमा रहेको ।

२. मन्त्रालयमा Hardtop Jeep १ थान र पिकअप १ थान गरी २ थान सवारीसाधनको E-Bidding मार्फत खरीद गरिएको ।

३. मन्त्रालयबाट खरीद हुने १४ थान पिकअप सवारीसाधन र १४ थान दमकलका लागि E-Bidding को प्रकृयाबाट खरीद गर्न सूचना प्रकाशित भएकोमा ३ थान दमकलको खरीद रद्द गरी पूनः खरीद प्रकृया अघि बढाएको र अन्य १४ थान पिकअप र ११ थान दमकल खरीदका लागि मूल्याङ्कन भई, आशयको सूचना प्रकाशित गरी सम्झौताका लागि पत्राचार भएको ।

४. उदयपुर र धनकुटा जिल्लामा गोदामघर निर्माणको लागि शिलवन्दी दरभाउपत्र आव्हान गरी सूचना प्रकाशित भएको ।

५. "म अघि बढ्छु" कार्यक्रमको लागि टी-सर्ट छपाई गरी सप्लाई गर्न E-Bidding को प्रकृयाबाट खरीद प्रकृया अघि बढाईएको ।

६. ७० थान एम्बुलेन्स खरीदको लागि नेपाल सरकारबाट भन्सार छुट भई आए अनुसार खरीद प्रकृया अगाडी बढाउन स्पेशिफिकेशन र बोलपत्र कागजात स्वीकृतिको प्रकृयामा रहेको ।

७. २५० थान मोटरसाईकल तथा विपद् सामाग्री E-Bidding को प्रकृयाबाट खरीदका लागि सूचना प्रकाशित गरिएको।

८. स्टेशनरी तथा कार्यालय सामान खरीदका लागि सिलवन्दी दरभाउपत्र माग भए अनुसार सप्लाईको लागि सम्झौता समेत भैसकेको ।

९. मन्त्रालयको सूचना प्रणालीलाई व्यवस्थित गर्न विद्युतिय सूचना पाटीको व्यवस्था गरिएको ।

१०.कम्प्युटर, ल्याप्टप, प्रिन्टर, फोटोकपी लगायतका विद्युतिय सामाग्री E-Bidding को प्रकृयाबाट खरीदका लागि सूचना प्रकाशित भए अनुसार प्राप्त वोलपत्रहरुको मूल्याङ्कनको चरणमा रहेको ।

११. यस आ.ब.मा निर्माण शुरु हुने प्रहरी चौकी (२८ वटा स्थान) को छनौट गरी अख्तियारी दिने प्रकृयामा रहेको।

१२. BOP निर्माणको लागि सशस्त्र प्रहरी वल नेपाललाई अख्तियारी दिने प्रकृयामा रहेको ।

१३.माननीय मन्त्रीज्यूको कार्यकक्ष व्यवस्थित गरिएको ।

१. आ.व. ०७६/०७७ को कार्तिक, मंसिर र पौष महिनामा प्रकाशित ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

| सि.नं. | ऐन, नियम, विनियम वा निर्देशिकाहरुको नाम |
|---|---|
| १ | निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन नियमावली २०७५ लाई संशोधन गर्न बनेको नियमावली २०७६ |
| २ | प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (संचालन) नियमावली, २०७६ |
| ३ | मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) नियमावली, २०७६ |
| ४ | भौतिक पूर्वाधार विकास मन्त्रालयको सूचना |
| ५ | प्रदेश योजना आयोग आदेश, २०७५ मा (अनुसूची -१ संशोधन) |
| ६ | (मुख्यन्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा (संशोधन)) |
| ७ | प्रदेशसभाका पदाधिकारी तथा सदस्यले पाउने पारिश्रमिक तथा सुविधा (संशोधन) |
| ८ | मुख्यमन्त्री तथा मन्त्रीको सुविधा (संसोधन) |
| ९ | प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (संचालन) नियमावली, २०७६ लाई संसोधन गर्न (प्रथम संशोधन) बनेको नियमावली, २०७६ |
| १० | निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन नियमावली २०७५ लाई संसोधन गर्न (तेस्रो संशोधन) बनेको नियमावली, २०७६ |

(ङ) सूचना समन्वय तथा प्रशारण शाखा :

१. प्रदेश मन्त्रालय र स्थानीय तहमा कार्यरत सूचना अधिकारीहरुका लागि आयोजित सूचनाको हक सम्वन्धी प्रशिक्षण कार्यक्रम मिति २०७६ कार्तिक २५ गते आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरको सभाहलमा सम्पन्न भएको ।

२. इलाम, पाँचथर र ताप्लेजुङ जिल्लाका प्रदेश मन्त्रालय र स्थानीय तहमा कार्यरत सूचना अधिकारीहरुका लागि आयोजित सूचनाको हक सम्वन्धी प्रशिक्षण कार्यक्रम मिति २०७६ मंसिर २७ गते पाँचथर जिल्लाको सदरमुकाम फिदिममा सम्पन्न भएको ।

३. उदयपुर, ओखलढुंगा, खोटाङ र सोलुखुम्वु जिल्लाका प्रदेश मन्त्रालय र स्थानीय तहमा कार्यरत सूचना अधिकारीहरुका लागि आयोजित सूचनाको हक सम्वन्धी प्रशिक्षण कार्यक्रम मिति २०७६ पुष २४ गते जिल्ला समन्वय समितिको सभाहल, ओखलढुंगामा सम्पन्न भएको।

४. पत्रकार सुरक्षा कोष सम्वन्धी कार्यविधि मस्यौदा समिति गठन गरी मस्यौदा निर्माण कार्य भइरहेको ।

५. प्रादेशिक पत्रकारिता प्रशिक्षण प्रतिष्ठान स्थापनाका लागि नियमावलीको मस्यौदा तर्जुमा गर्न सिमिति गठन गरी कार्य भईरहेको ।

६. राजपत्र नियमित रुपमा प्रकाशित हुदै आएको ।

(च) विपद व्यवस्थापन शाखा :

१. मिति २०७६।०९।११ गते ५०० थान कम्वल जिल्ला प्रशासन कार्यालय, उदयपुरमा राहत वितरणका लागि उपलव्ध गराईएको ।

२. मिति २०७६।०९।१७ गते ८०० थान कम्वल र २ थान त्रिपाल जिल्ला प्रशासन कार्यालय, मोरङमा राहत वितरणका लागि उपलव्ध गराईएको ।

३. मिति २०७६।०९।२२ गते २९० थान कम्वल जिल्ला प्रशासन कार्यालय, उदयपुरमा राहत वितरणका लागि उपलव्ध गराईएको ।

४. विपद् सम्पर्क व्यक्ति (Focal Person) को वैठक प्रत्येक महिना नियमित रुपमा वसेको ।

**५. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधीः**

यस मन्त्रालयबाट प्रदान गरिने सेवामा कुनै दस्तुर लाग्ने छैन।

**६. निर्णय गर्ने प्रकृया र अधिकारी :**

मन्त्रालयमा रहेका शाखाहरुको शाखा अधिकृत (सातौं) तहले शुरु टिप्पणी उठान गरी आफू भन्दा माथिको महाशाखा प्रमुख (उप-सचिव) समक्ष पेश गर्ने र उप-सचिवले राय प्रतिकृया सहित मन्त्रालयको सचिव समक्ष पेश गर्नु पर्नेछ। मन्त्रालयको सचिवबाट सदर हुने हकमा सचिवबाट टिप्पणी आदेश सदर हुने र माननीय मन्त्रीज्यूबाट सदर हुने टिप्पणी आदेश सचिवको राय सहित माननीय मन्त्रीज्यू समक्ष सदरका लागी पेश गरिने छ ।

**७. मन्त्रालय प्रमुख र सूचना अधिकारीको नाम थर र पदः-**

क) मन्त्रालयका प्रमुखः- श्री हरिप्रसाद मैनाली
पदः- प्रदेश सचिव
मोवाइल नं. ९८५१२३७१७०

ख) प्रवक्ता : श्री कमल बहादुर थापा
पद : उपसचिव
मोवाइल नं. ९८४१२९२४७२

ग)सूचना अधिकारीः- विजय कुमार मगर
पदः- शाखा अधिकृत (अधिकृतस्तर सातौं)
मोवाइल नं. ९८४२२५१०८६

८. **यस मन्त्रलयको Website:** moial.p1.gov.np

९. **गुनासो सुन्ने अधिकारीः-** यस मन्त्रालयबाट प्रदान गरिने सेवा सम्वन्धमा कुनै गुनासो वा उजुरी भए सो सुन्ने अधिकारी मन्त्रालयको उप-सचिवलाई तोकिएको छ ।

नाम : कमल बहादुर थापा
पद : उपसचिव
मोवाइल नं. ९८४१२९२४७२